कर्णालीमा काँग्रेस पहिलो, रास्वपा दोस्रो दल

नन्दराम जैशी
सुर्खेत, २७ फागुन

समानुपातिक मतका आधारमा कर्णाली प्रदेशमा नेपाली काँग्रेस पहिलो दल बन्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दोस्रो दल बनेको छ। प्रत्यक्षतर्फ प्रदेशका १२ निर्वाचन क्षेत्रमध्ये पाँचवटा निर्वाचन क्षेत्रमा जित हात पारेर पहिलो भएको काँग्रेस समानुपातिकतर्फ पनि पहिलो दल बनेको हो। प्रदेश निर्वाचन कार्यालयका अनुसार १० वटै जिल्लाको मतगणनाअनुसार काँग्रेसले प्रदेशभरबाट कूल एक लाख ४१ हजार २३३ मत पाएको छ। यस्तै, प्रत्यक्षतर्फ एक सिट जितेको रास्वपा समानुपातिकतर्फ भने दोस्रो ठूलो दल बनेको छ। रास्वपाले कर्णालीबाट समानुपातिकतर्फ एक लाख ३३ हजार ७४९ मत पाएको हो। नेकपा (एमाले) भने यसपटक तेस्रोमा झरेको छ। एमालेले एक लाख २० हजार ८६३ मत पाएको छ। तर एमाले २०७९ को निर्वाचनमा कर्णालीबाट समानुपातिकतर्फ एमाले पहिलो भएको थियो। यो चुनावमा उसलाई काँग्रेस र रास्वपाले उछिनेका छन्।

यता, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले एक लाख सात हजार १०१ मत पाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले १५ हजार ७५५ मत पाउँदा अन्य दलको मत १० हजारभन्दा न्यून रहेको छ। समानुपातिकतर्फको मतको आधारमा जिल्लागत नतिजा हेर्दा नेपाली काँग्रेस र नेपाली कम्युनिस्ट पार्टी तीन/तीनवटा जिल्लामा पहिलो भएका छन्। नेकपाले प्रत्यक्षतर्फ चारवटा क्षेत्रमा विजय हासिल गरेको छ।

समानुपातिकतर्फ प्रदेशभर रास्वपा दुईवटा जिल्लामा पहिलो भएको छ। प्रत्यक्षतर्फ भने उसले एउटा क्षेत्र मात्रै जितेको थियो। एमाले दुईवटा जिल्लामा समानुपातिकतर्फ पहिलो भएको छ। उसले प्रत्यक्षमा पनि प्रदेशभरबाट एउटा क्षेत्र जितेको छ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार समानुपातिकतर्फको मतपरिणामअनुसार सुर्खेतमा रास्वपा पहिलो दल बनेको छ। रास्वपाले समानुपातिकतर्फ ५४ हजार २२६ मत प्राप्त गरेको छ। दोस्रो स्थानमा रहेको नेपाली काँग्रेसले कूल ३७ हजार ७४३ मत पाएको छ। नेकपा (एमाले) समानुपातिकतर्फ जिल्लामा तेस्रो भएको छ। उसले २८ हजार ९१४ मत प्राप्त गरेको छ।

यस्तै, सुर्खेतमा नेपाली कम्युनिस्ट पार्टीले सात हजार ९६ मत पाएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन हजार २७४ र श्रम संस्कृति पार्टीले तीन हजार २२३ मत प्राप्त गरेका छन्। समानुपातिकतर्फ दैलेखमा नेकपा (एमाले) पहिलो बनेको छ। एमालेले २३ हजार ७३७ मत पाएको छ।

दोस्रो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले २० हजार ५९१ मत पाएको छ। नेपाली कांग्रेसले २० हजार २७ मत पाएर तेस्रो भएको छ। नेपाली कम्युनिस्ट पार्टीले ६ हजार ३२९ मत मात्रै पाएको छ। नेपाल मजदुर किसान पार्टीले दुई हजार ४२० तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले एक हजार ४२२ मत पाएका छन्।

सल्यान जिल्लामा रास्वपा पहिलो दल भएको छ। समानुपातिकतर्फ २५ हजार ६६५ मत प्राप्त गर्दै रास्वपा पहिलो दल बनेको हो। नेकपाले २० हजार ३३९, नेपाली काँग्रेसले १६ हजार ६९, एमालेले १४ हजार ९२ र राप्रपाले एक हजार ४३० मत पाएका छन्।

डोल्पामा प्रत्यक्षतर्फ पराजित भए पनि समानुपातिकतर्फ नेकपा (एमाले) पहिलो भएको छ। उसले चार हजार ९४४ मत पाएको छ। प्रत्यक्षतर्फ चुनाव जितेको नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकतर्फ चार हजार ७०७ मत पाएको छ। रास्वपा तीन हजार १०२ मत पाउँदा नेपाली काँग्रेसले दुई हजार ५९५ मत पाएको छ। जुम्लामा प्रत्यक्षतर्फ राप्रपाले जिते पनि समानुपातिकतर्फ नेकपा पहिलो दल बनेको छ। उसले समानुपातिकमा १० हजार २०२ मत पाएको छ। काँग्रेस नौ हजार ३६० मतसहित दोस्रो हुँदा राप्रपाले ६ हजार ५५२, एमालेले ६ हजार २९ र रास्वपाले पाँच हजार ११८ मत पाएका छन्। कालीकोटमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ नेकपा पहिलो दल भएको छ। समानुपातिकमा नेकपाले ११ हजार १८९ मत पाएको छ। एमालेले नौ हजार ५२०, काँग्रेसले सात हजार ७५४, रास्वपाले पाँच हजार एक सय, राप्रपाले एक हजार १९५ मत पाएका छन्।

हुम्लामा नेपाली काँग्रेस पहिलो दल भएको छ। काँग्रेसले समानुपातिकमा सात हजार ९१५ मत पाएको छ। नेकपाले ६ हजार २३१, एमालेले पाँच हजार २८० र रास्वपाले दुई हजार ३५ मत पाएका छन्।

जाजरकोटको समानुपातिक मतमा नेपाली काँग्रेस पहिलो भएको छ। प्रत्यक्षतर्फ पनि जितेको काँग्रेसले समानुपातिकतर्फ ११ हजार ८५ मत पाएको छ। नेकपाले १० हजार ३०२ मत पाउँदा एमालेले नौ हजार ३४९ मत पाएको छ। रास्वपाले पनि दुई हजार ९४० मत पाएको छ।

रुकुम पश्चिममा नेकपा समानुपातिक मतमा पहिलो दल भएको छ। नेकपाले २० हजार ३६ मत पाएको छ। काँग्रेसले १५ हजार १८१ मत पाउँदा रास्वपाले १० हजार १४९ मत पाएको छ। प्रगतिशील लोकतान्त्रिक पार्टीले सात हजार २०७ मत पायो। एमालेले पाँच हजार ८४७ मत पाएको छ।

प्रत्यक्षतर्फ नेपाली काँग्रेसले जितेको मुगुको समानुपातिक मतमा काँग्रेस नै पहिलो भएको छ। उसले सात हजार २७१ मत पाएको छ। एमालेले छ हजार ४१ मत पाउँदा नेकपाले चार हजार ६५० र राष्ट्रिय रास्वपाले दुई हजार ११० मत पाएको छ।

तीन हजारभन्दा बढी मत बदर

मिसन संवाददाता
जुम्ला, २७ फागुन

जिल्लामा प्रत्यक्ष र समानुपातिकतर्फ गरी तीन हजार ३७ मत बदर भएको छ। प्रत्यक्षतर्फ एक हजार ७०५ मत र समानुपातिकतर्फ एक हजार ३३२ मत गरी तीन हजार ३७ मत बदर भएको हो।

प्रत्यक्षतर्फ यहाँका ७१ हजार ७३९ मतदाता हुन्। यसमध्ये ४० हजार ८७८ जना मतदाताले मात्रै मत खसालेका थिए। कूल खसेको मतगणना गर्दा एक हजार ७०५ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्लाले जनाएको छ।

यस्तै, समानुपातिक तर्फ ७३ हजार ७३९ मतदाता हुन्। यसमध्ये ४१ हजार ४५१ मत मात्रै खसेको थियो। खसेको मतगणना गर्दा एक हजार ३३२ मत बदर भएको थियो। मत बदर हुनुमा निर्वाचन शिक्षा नपुगेको नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले बताए।

'निर्वाचन आयोगले कुनै पनि चुनावमा निर्वाचन शिक्षाका विषयमा गम्भिरतापूर्वक ध्यानदिने गरेको पाइँदैन,' उनले भने, 'निर्वाचन शिक्षा भन्ने मात्रै हुन्छ। तर त्यसको प्रभावकारिता देखिने गरेको छैन। जसका कारणले मत बदर हुने गरेको हो।'

जिल्ला निर्वाचन अधिकारी दिपेन्द्र कडेलले सदरमुकाम खलंगा चन्दनाथ नगरपालिका भित्रै बसोबास गर्ने शिक्षित मतदाताले बढी बदर गरेको बताए। 'एउटै मतपत्रमा एकदेखि बढी ठाउँमा छाप लगाएको देखिन्छ। हेलचेक्र्याई गर्ने। राम्रोसँग ध्यान नदिनेजस्ता कारण पनि मतपत्र बदर हुने गरेका हुन्,' उनले भने, 'मत बदर हुनुमा मतदाता शिक्षाको मात्रै कारण होइन। मत बदर हुनुमा मतदाता शिक्षाका अलाभा धुप्रै कारण पनि हुन्छन्।'

बाघको आक्रमणबाट आठ भेडा-बाख्रा मरे

मिसन संवाददाता
सल्यान, २७ फागुन

जिल्लामा बाघको आक्रमणबाट शारदा नगरपालिका-९ सुनचौर क्षेत्रमा आठ वटा भेडा-बाख्रा मरेका छन्। स्थानीयका अनुसार चरिचरणका लागि जंगल लगिएका पशुचौपायामाथि बाघले आक्रमण गर्दा ६ वटा बाख्रा र २ वटा भेडा मरेका हुन्।

बाघको आक्रमणका घटना बढ्दै जाँदा स्थानीयवासीमा त्रास फैलिएको छ। जिल्ला समन्वय समिति सल्यानका सदस्य तथा स्थानीय चेतन गिरिले सुनचौरका विभिन्न किसानका पशुचौपाया बाघको आक्रमणमा परेको जानकारी दिए। उनका अनुसार सुनचौर निवासी किसान विनोद घर्तीका तीनवटा बाख्रा, जरसिंह घर्तीका दुईवटा बाख्रा, रूपसिंह पुनका एउटा बाख्रा तथा दलबहादुर पुनका दुईवटा भेडा बाघले मारेको हो।

स्थानीय ज्योति पुनका अनुसार चरिचरणका लागि जंगल लगिएका बाख्रा अबेरसम्म घर नफर्किएपछि गाउँलेहरू खोजीमा गएका थिए। खोजीका क्रममा जंगलमा बाघले मारेको अवस्थामा पशुचौपाया फेला परेका थिए। गाउँलेहरूले घटनास्थलमा बाघकै आक्रमण भएको बताएका छन्।

स्थानीय गमबहादुर पुनका अनुसार स्थानीयहरू घटनास्थल पुग्दा बाघले मारेका बाख्रा खाँदै गरेको देखिएको थियो। मानिसहरू पुगेपछि बाघ जंगलतिर भागेको उनले बताए। पछिल्लो समय सल्यान जिल्लाका विभिन्न स्थानमा बाघ तथा चितुवा देखिएको

भन्दै स्थानीयहरूले जानकारी दिन थालेका छन्। यसले ग्रामीण क्षेत्रका बासिन्दामा डर र असुरक्षा बढाएको छ।

पशुचौपाया चराउन जंगल लैजान, घाँस-दाउरा संकलन गर्न जंगल जान तथा एक्लै हिँड्डुल गर्नसमेत स्थानीयहरू त्रसित बनेका छन्। यसअघि केही समयअघि कालिमाटी क्षेत्रमा पनि बाघको आक्रमणबाट तीन जनाले ज्यान गुमाएको घटना सार्वजनिक भएको थियो। मानवमाथि समेत आक्रमण हुन थालेपछि स्थानीय बासिन्दाले जंगली जनावर नियन्त्रण तथा सुरक्षा व्यवस्थाका लागि सम्बन्धित निकायसँग माग गर्दै आएका छन्।

यसका साथै जिल्लाका विभिन्न गाउँमा बँदेल, दुम्सी, खरायो लगायतका जंगली जनावरले खेतबालीमा समेत क्षति पुऱ्याउँदै आएका छन्। किसानहरूले लगाएको मकै, आलु, गहुँ लगायतका बाली नष्ट हुने समस्या बढ्दै गएको छ।

स्थानीयवासीले जंगली जनावरको बढ्दो आक्रमण नियन्त्रण गर्न वन कार्यालय तथा सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गरेका छन्। साथै पशुचौपाया तथा मानव सुरक्षाका लागि उचित व्यवस्थापन गर्नुपर्ने सरोकारवालाको सुझाव छ।

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मुलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा विक्री मूल्य MRP	कैफियत
1	WASHING MACHINE	FRONT LOADING	LG	FB1208S6M1	8 KG	INDIA	SET	NPR	1,08,390/-	

विक्रेता फर्मको नाम: जि.जी. ईन्टरप्रेज्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
रजाजी लेखा नं.: ३०१६०००३६
फोन नं.: ४४७४०३०/०४५

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (चाईना) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मुलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा विक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	DOUBLE DOOR	CG MERIDIA	CGMD370MGI	350 Ltr	CHINA	SET	NPR	81,890/-	
	REFRIGERATOR	MULTI DOOR	CG MERIDIA	CGMMD540MGI	520 Ltr	CHINA	SET	NPR	1,22,490/-	

विक्रेता फर्मको नाम: जि.जी. ईन्टरप्रेज्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
रजाजी लेखा नं.: ३०१६०००३६
फोन नं.: ४४७४०३०/०४५

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि.नं	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पत्तिको मुलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा विक्री मूल्य MRP	कैफियत
1	REFRIGERATOR	DOUBLE DOOR	GODREJ	RT EONVIBE 366BXP RCIT MT BK	350 Ltr	INDIA	SET	NPR	93,990/-	
	REFRIGERATOR	SINGLE DOOR	GODREJ	RD EDGE 205A EXP WRF ST WN	190 Ltr	INDIA	SET	NPR	31,990/-	

विक्रेता फर्मको नाम: इ.जे.ग्रुप. प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
रजाजी लेखा नं.: ३०३६८८८६८
फोन नं.: ४४७४०३०/०४५

Chankheli Rural Municipality
Office of Rural Municipal Executive
Piplang, Humla.
Karnali Province, Nepal

Bid Invitation Notice

Date of Publication: 2082-11-28 (12 March, 2026)

1. Chankheli Rural Municipality, Humla invites electronic bids from eligible bidders for the Following Procurement of as per mentioned in table below under National Competitive Bidding procedures.
2. The Bids must be uploaded through PPMO website www.bolpatra.gov.np/egp. before 12.00 on 2082/12/29 (12 April 2026). Bids received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Chankheli Rural Municipality, Humla, Mob.no.: 9868092497 and email:ito.chankhelimun@gmail.com or may visit PPMO website www.bolpatra gov.np/egp.

IFB No.	Description	Total Estimated Amount (with vat)	Bid security	Bid Document Fee	Bid validity/Bid Security Validity
CRM/NCB/WORKS/B/07-2082/083	Kawad Hall Nirman Yojana	NPR.8042167.32	NPR.200000	NPR.3000	90/120 Days

Chief Administrative Officer

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सडक पूर्वाधार विकास कार्यालय
लिवाङ, रोल्पा

ठोलपत्र स्विकृत गर्ने आशयको सुचना

मिति : २०८२-११-२८

यस कार्यालयबाट मिति २०८२ साल माघ २३ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार देहायका कार्यका लागी निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल वमोजिमको बोलपत्रहरू न्युनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही देखिएकोमा स्विकृतिको आशयको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरीएको छ।

S.N.	Name of Works	Contract ID	Name Of Contractor	Bid Price With VAT And PS
1.	Fabrication, Supply, Transportation, Construction and Erection of Maintenance and Rehabilitation works of trail bridges in rolpa district. (Rehabilitation works of Madikhola Truss Bridge) Through Construction Turnkey Package (CTP)	RIDO/ROL/W/TB/NCB/082/83-17	Debid Nirman Sewa Paribartan Rural Municipality-2, Rangsi, Rolpa	2,933,337.45
2.	Tallo Sarechour Hospital dekhi Nigalpani sadak starunnati	RIDO/ROL/W/Ro/NCB/082/83-18	MS KC Nirman sewa fulbari 3 Dang, Lumbini Province Nepal	1653931.07
3.	Khumbas shiudhara islabang sadera hudai mullek jane bato staronnati, Runtigadhi 6, Rolpa	RIDO/ROL/W/Ro/NCB/082/83-19	MS Deep Prabhat Construction Company Pvt. Ltd Rolpa-2, Mulpani Rolpa	2758666.11